# राष्ट्रिय योजना आयोगको सचिवालय

## प्रेस विज्ञप्ती

२०७३ भाद्र २७, सोमवार

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री पुष्पकमल दाहाल ( प्रचण्ड)ज्यूको अध्यक्षतामा समितिको सैंतीसौं बैठक बस्यो । उक्त बैठकमा आर्थिक वर्ष २०७२/७३ मा सञ्चालित विकास कार्यक्रम/आयोजनाहरुको वार्षिक प्रगति स्थिति र कार्यान्वयनमा देखापरेका तथा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरुको बारेमा बिस्तृत छलफल भयो । बैठकमा समितिका विगत वैठकहरुमा भएका निर्णयहरुको कार्यान्वयनको बारेमा समेत प्रस्तुती तथा समीक्षा भयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले बैठकमा निम्नानुसारको निर्देशन दिनुभयो :

(१) संबैधानिक स्वीकार्यताको दायरालाई फराकिलो बनाउँदै यसको प्रभावकारी कार्यान्वयन समेतका लागि तीन तहको निर्वाचन समय भित्रै सम्पन्न गर्नु वर्तमान सरकारको प्रथम प्राथमिकता हो । निर्वाचनका लागि र सो पश्चात् पनि कानुनी, संस्थागत तथा जनशक्तिको व्यवस्था मिलाई तीनै तहका सरकारका कार्यहरु संचालन गर्दै सेवा प्रवाह र विकास निर्माण कार्य सुचारु गर्न प्रशासनिक पुन:संरचना र जनशक्तिको समायोजन तथा व्यवस्थापनका महत्वपूर्ण कार्यहरु शीघ्रगतिमा गरिनु पर्दछ ।

(२) निर्वाचनको तयारी र पुन:संरचनासम्बन्धी कार्यमा लाग्नुपर्ने अबस्था भए पनि सेवा प्रवाहमा सुधार र विकास निर्माणका कार्यहरुमा प्रभावकारिता ल्याई यसको फाइदा गरिव जनतासमक्ष पुग्नसक्ने स्थितिको सुनिश्चितता गर्नु उत्तिकै महत्वपूर्ण हुने भएकाले यसमा उत्तरदायित्वका साथ लाग्न सबैको ध्यान आकर्षण गर्न चाहन्छु ।

(३) राष्ट्रिय योजना आयोगका उपाध्यक्षले प्रस्तुत गर्नुभएको १३ औं योजनाको लक्ष्य तथा प्रगति र गत आ.ब.२०७२।७३ मा संचालित विकास कार्यक्रमहरुको प्रगति हेर्दा निकै निराशाजनक चित्र हामीले देखेका छौं । गत बर्ष पूँजीगत खर्च केवल ५८ प्रतिशतको हाराहारीमा मात्र हुनसक्यो । राष्ट्रिय गौरवका आयोजनाहरू लगायत प्राथमिकतामा परेका आयोजनाहरूको समेत खर्च र प्रगति आशालाग्दो देखिएन । यसले विकास आयोजनाहरुको भौतिक प्रगति र योजनाको लक्ष्य हासिलमा समेत नकारात्मक असर ल्याएको देखियो । यो कुनै दृष्टिबाट पनि स्वीकार्य छैन । यस स्थितिमा सुधार गर्न सबैको ध्यान जान जरुरी छ ।

(४) भूकम्प लगायत अन्य प्रकोप पीडित जनताका लागि राहत उपलब्ध गराउन संस्थागत संरचना र स्रोत साधन हुँदाहुदै पीडित जनताले अपेक्षित सेवा सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । सबै निकाय र पक्ष जिम्मेवार र गम्भीर भएर पीडित जनतालाई राहत उपलब्ध गराउन र पुन:निर्माणका कार्यहरुलाई प्रभावकारी रुपमा अघि वढाउन सबैलाई विशेष निर्देशन दिन चाहन्छु ।

(५) मन्त्रालयहरुको बिकास आयोजना कार्यान्वयन गर्ने तथा पूँजीगत बजेट खर्च गर्ने क्षमता कमजोर देखिन्छ । के कारणले खर्च वढ्न नसकेको हो, त्यसलाई गहिरो विश्लेषण गरेर समाधान गर्नुपर्दछ । विनियोजित पूँजीगत वजेट सवै खर्च गर्न सबै मन्त्री र सचिवहरुलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

(६) आयोजनाको कार्यान्वयन सुधार गर्न र पूँजिगत बजेट खर्च बढाउन समेत कार्यक्रमहरूको अनुगमनलाई प्रभावकारी बनाउन म आफैँले छानिएका आयोजनाहरुको अनुगमन गर्ने कार्यलाई प्राथामिकतामा राखेको छु । साथै मन्त्रीहरु वा योजना आयोगको उच्चस्तरबाटै अनुगमन गरी कार्यथलोमै समस्याहरु समाधान गर्ने र कार्यसम्पादनमा लापरवाही भएको देखिएमा त्यसलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाउन समेत म सम्बन्धित विभागीय मन्त्री र सचिवहरूलाई निर्देशन दिन चाहन्छु ।

(७) हाम्रो आर्थिक बृद्धिदर निकै न्यून छ, हामी आँफै आत्मनिर्भर हुनसक्ने क्षेत्र जस्तैः कृषि, पशुपंक्षी, उर्जा लगायतका क्षेत्रमा समेत हामी परनिर्भर बन्दै गएका छौं, व्यापार घाटाको स्थिति भयावह देखिन्छ, दैनिक उपभोग्य सामग्रीको गुणस्तर कमजोर र मूल्य बृद्धि अझै उच्च छ । यस्तो अवस्थामा हामीले आर्थिक विकासको संकल्प र अठोट गर्नुपर्दछ ।

(८) केही मन्त्रालयहरुले केन्द्रका संगठनहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रस्ताव ल्याएको पनि पाइएको छ । समग्र प्रशासकीय संगठनहरूको पुनःसंरचना गर्नुपर्ने स्थितिमा अहिले केन्द्रमा दीर्घकालीन दायित्व सिर्जना हुनेगरी बृहत प्रकृतिका संगठन संरचनाहरू सिर्जना गर्ने वा माथिल्ला पदहरू सिर्जना गर्नु उपयुक्त हुँदैन । अतः अहिलेका लागि वैकल्पिक उपायहरुको व्यवस्था गरी विकास निर्माणका कार्य अघि बढाउन समेत निर्देशन दिन्छु ।

(९) हामी संक्रमणकाल व्यवस्थापनको निकै चुनौतिपूर्ण तथा कठिन घडीमा उभिएका छौ । हाम्रो मेहनत, कुशलता, दक्षता र प्रभावकारितामा नै हाम्रो सम्बृद्धि निर्भर गर्दछ । अतः समयको यो आरोहलाई मनन् गरी राज्यका लागि योगदान दिने यो अवसरलाई हामीले उम्कन दिनु हुँदैन, यसमा एकपटक गम्भिर हुन म सवैको ध्यान आकृष्ट गराउन चाहन्छु ।

बैठकमा मा.मन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका मा.उपाध्यक्ष र सदस्यज्यूहरु, नेपाल सरकारका मुख्य सचिव लगायतका उच्च पदाधिकारीहरु समेतको उपस्थिति थियो । सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूको अध्यक्षतामा बसेको यस बैठकमा बिकास आयोजनासँग सम्वन्धित अन्तर निकायगत समस्याहरुको विस्तृत छलफल गरियो । जनतालाई सकारात्मक परिवर्तनको अनुभूति दिने गरी सवै पक्ष गम्भिर हुन र विकास आयोजनाहरुको उच्च स्तरवाट नतिजामूलक अनुगमन गरी समय भित्रै कार्य सम्पन्न गर्न प्रधानमन्त्रीले बैठकमा निर्देशन दिनु भयो । वैठकले आयोजनाहरुको कार्यान्वनमा सुनिश्चतता ल्याउनका लागि विभिन्न नीतिगत निर्णय लिएकोछ ।

..............................

(तुलसीप्रसाद गौतम)

सह-सचिव तथा प्रवक्ता

राष्ट्रिय योजना आयोगको सचिवालय